का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ फागुन २०८१,
बिहीबार
13 March, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सडक दुर्घटनाले लिँदै छ अकालमा ज्यान



**सवारी दुर्घटनामा मृत्यु- ९,०५२**

- आर्थिक वर्ष २०८१/०८२ माघसम्म- १,४३२
- आर्थिक वर्ष २०७८०/०८१- २,३६९
- आर्थिक वर्ष २०७९/०८०- २,३६८
- आर्थिक वर्ष २०७८/०७९- २,८८३

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

बुधबार देशभरका विभिन्न स्थानमा भएको सवारी दुर्घटनाबाट ६ जनाको ज्यान गयो । भक्तपुरमा ट्रकको ठक्करबाट भक्तपुर नगरपालिका- ६ बस्ने ३६ वर्षीय मोटरसाइकल चालक श्यामकृष्ण कायस्थको मृत्यु भयो भने तिलोत्तमा नगरपालिका- ३ रुपन्देहीमा ट्रकमा स्कुटर ठोक्किँदा स्कुटर चालक १९ वर्षीय सिद्धार्थ चौधरीको मृत्यु भएको हो । सोही ठाउँमा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा स्कुटर चालक सिद्धार्थ नगरपालिका बस्ने २३ वर्षीय राहुल क्षेत्रीको मृत्यु भएको प्रहरीले जानएको छ । त्यस्तै, मकवानपुरमा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा ४७ वर्षीय रूपक दियालीको मृत्यु भयो । सोही जिल्लामा ट्रकले ठक्कर दिँदा मोटरसाइकलमा सवार बारा कोल्हवी नगरपालिका- ५ कवडी बस्ने ३४ वर्षीया सरितादेवी चौधरीको मृत्यु भएको छ भने भरतपुर महानगरपालिका- १ चितवनमा बसको ठक्करबाट १ पैदलयात्रीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मानिसलाई अत्यावश्यक ठानिएको सवारी साधन दुर्घटनाबाट मात्र दैनिक औसत ६ देखि ८ जनाको मृत्यु हुने गरेको प्रहरीको तथ्यांकले देखाउँछ । प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार विगत साढे ३ वर्षमा सवारी दुर्घटनाबाट नेपालमा ९ हजार बढीको ज्यान गएको छ ।

चालू आर्थिक वर्ष १ साउनदेखि माघ मसान्तसम्ममा १४ हजार २४४ सवारी साधन दुर्घटना भएका छन् । सो दुर्घटनाबाट १ हजार ४३२ जनाले सवारी दुर्घटनाबाट ज्यान गुमाइसकेका छन् । त्यसमा पनि काठमाडौं उपत्यका र २ पांग्रे सवारी साधन दुर्घटना अत्यधिक देखिन्छ ।

नेपाल प्रहरी प्रधान कार्यालयको आर्थिक वर्ष २०७८/०७९ देखि २०८१ माघसम्म ८५ हजार ३०५ सवारी दुर्घटना भएका थिए । उक्त दुर्घटनामा परी ९ हजार ५२ जनाले अकालमा ज्यान गुमाउँदा १ लाख १८ हजार बढी मानिसहरू घाइते भएका छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा सडक दुर्घटनाबाट देशभर २४ हजार ५३७ सवारी दुर्घटना भएका थिए, जसमा २ हजार ८८३ जनाको मृत्यु भएको थियो भने ३३ हजार घाइते भए ।

त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा २३ हजार ५९७ सवारी दुर्घटना हुँदा २ हजार ३६८ जनाले ज्यान गुमाए भने ३० हजार २२६ जना घाइते भएको प्रहरीको तथ्यांकमा उल्लेख छ । आर्थिक वर्ष २०७८०/०८१ मा २२ हजार ९२७ सवारी दुर्घटना हुँदा २ हजार ३६९ जनाको मृत्यु भएको थियो भने ३२ हजार १५६ जना घाइते भएका पाइएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सवारी दुर्घटनाको मुख्य कारण चालकको लापरबाही भएको जनाएको छ । उपत्यकाबाहिरको दुर्घटनाको कारण सडक र सवारी साधनको अवस्था रहे पनि उपत्यकाभित्र दुर्घटनाको प्रमुख कारण चालकको लापरबाही नै भएको ट्राफिकको दाबी छ ।

उपत्यका ट्राफिक प्रहरी कार्यालय काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक दीपक गिरी उपत्यकाभित्रको दुर्घटनाको मुख्य कारण चालकको लापरबाही नै भएको बताउँछन् । 'दुर्घटनाको कारण सडकको अवस्था, तीव्र गति, मादक पदार्थ सेवन, यात्रुको गल्ती, ओभरटेक, यान्त्रिक गडबडी, ओभरलोड, छाडा चौपाया र मौसमलाई समेत लिन सकिन्छ', उनले मध्यान्हसँग भने, 'हामीले गरेको सूक्ष्म अध्ययनले अधिकांश दुर्घटना चालककै लापरबाहीका कारण भएको देखिन्छ । अर्थात्, ७०-७५ प्रतिशत दुर्घटना चालकको लापरबाहीकै कारण भएको अनुसन्धानले देखाएको छ ।'

ट्राफिक नियमको पालना नगर्नु, लेन ओभरटेक गर्नु, मापसे गरेर सवारी हाँक्नु, रातो बत्तीलाई बेवास्ता गर्नु शहरको सडक दुर्घटनाको मुख्य कारण भएको गिरीले बताए ।

बाग्मती प्रदेशमा करिब १८ लाख सवारी साधन दर्ता भएकामा करिब १५ लाख २ पांग्रे सवारी साधन रहेका ट्राफिक प्रहरीले जनाएको छ । उपत्यकामा सबैभन्दा बढी दुर्घटना हुने सवारी साधनमा मोटरसाइकल र स्कुटर छन् ।

चालू आर्थिक वर्षमा १२ हजार ८५० मोटरसाइकल स्कुटर दुर्घटना हुँदा ३ हजार ४११ वटा काठमाडौं उपत्यकामा दुर्घटना भएको पाइएको छ । २०७८०/०८१ मा देशभर १९ हजार ९८४ मोटरसाइकल दुर्घटना दुँदा उपत्यकामा ७ हजार ६८४ रहेका थिए । त्यस्तै, २०७९/०८० मा देशभर १९ हजार ५११ वटा मोटरसाइकल दुर्घटना भएकामा उपत्यकाभित्र ८ हजार ३४१ मोटरसाइकल दुर्घटनामा परेका देखिन्छ । २०७८/०७९ मा देशभर १९ हजार ९७४ वटा मोटरसाइकल दुर्घटना भएकामा उपत्यकामा ८ हजार ३६४ दुर्घटना >>> पृष्ठ २ मा

# सहकारीमा तोकियो बचतको सीमा

## १० लाखमाथिको रकममा स्रोत अनिवार्य

१ भन्दा बढी प्रदेशमा कार्यक्षेत्र रहेका सहकारीलाई ५० लाखसम्म, १ जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेका सहकारीलाई २५ लाखसम्म र १ जिल्ला मात्र कार्यक्षेत्र रहेका सहकारीलाई १० लाख रुपैयाँसम्म बचतको सीमा तोकिएको छ




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

सहकारी संस्थामा बचत रकमको सीमा तोकिएको छ। सहकारीमा बचतको सीमा तोक्ने र १० लाखमाथिको रकममा स्रोत अनिवार्य गर्नेसम्बन्धी ऐन संसद्ले अघि बढाएको छ।

बुधबार प्रतिनिधिसभाले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ लाई अघि बढाएको हो । यसमाथि सभामा सैद्धान्तिक छलफल भएको छ।

यो अध्यादेशमा रहेका प्रावधान हाल कार्यान्वयनमा छन् । गत १४ पुसमा सरकारले ल्याएको अध्यादेश प्रतिस्थापन अध्यादेश ल्याएको थियो । अध्यादेशले गरेका नयाँ व्यवस्था र संशोधनका प्रावधानलाई विधेयकमा ल्याइएको बताउँछन् भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी । उनका अनुसार पहिलो पटक सहकारीमा बचतको सीमा तोकिएको हो, जसमा १ भन्दा बढी प्रदेशमा कार्यक्षेत्र रहेका सहकारीलाई ५० लाखसम्म, १ जिल्लाभन्दा बढी कार्यक्षेत्र रहेका सहकारीलाई २५ लाखसम्म र १ जिल्ला मात्र कार्यक्षेत्र रहेका सहकारीलाई १० लाख रुपैयाँसम्म बचतको सीमा तोकिएको छ ।

हाल भइरहेको कारोबारलाई कानुनअनुसार सीमाभित्र ल्याउन २ वर्षको समय दिइएको छ । अर्थात्, २ वर्षभित्र यो सीमाभित्र सबै सहकारी >>> पृष्ठ २ मा



बचत दुरुपयोग रोक्ने, पीडितहरूलाई रकम फिर्ता गर्ने, भविष्यमा रकम दुरुपयोग र ठगी नहुने प्रत्याभूति गरिएको छ

**सूर्य थापा**
**सांसद, नेकपा एमाले**

# सधैं कमजोर राजावादी दलहरू

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

अहिले संवैधानिक राजसंस्था र राजा फर्किने चर्चाले राजनीति तातेको छ। पूर्वराजा ज्ञानेन्द्र शाहलाई राज सिंहासनमा फर्काउन एउटा पक्ष उत्साहित हुँदै गर्दा अर्को पक्ष संविधान र गणतन्त्रको रक्षाका लागि एकजुट हुँदै छ ।

राजा पुन: ल्याउने र राजा ल्याउन नहुने पक्षको विवाद र बहसको राजनीतिले देश नै तातेको छ ।

अहिले संसद्देखि सडक र चिया पसलमा समेत यही विषयमा चर्चा हुने गरेको छ। यस विषयमा व्यक्ति-व्यक्ति हुँदै राजनीतिक दल विभाजित भएका छन् ।

पूर्वराजा ज्ञानेन्द्र शाह आइतबार पोखराबाट काठमाडौं फर्कंदा उनको स्वागतमा उर्लेको भीडले नेपालमा राजतन्त्र पुनर्स्थापना हुने अड्कल काट्न थालिएको छ ।

पूर्वराजा शाहको काठमाडौं आगमनलाई राजावादीहरूले 'राजतन्त्र' दैलोसम्मै आइपुगेको जस्तो व्याख्या गरिरहेका छन् । उता, गणतन्त्रका लागि लडेका दलहरू राजतन्त्रको पुनर्स्थापना दिवास्वप्न मात्र भएको बताइरहेका छन् । उनीहरू गणतन्त्रको विकल्प राजतन्त्र हुनै नसक्ने तर्क गर्छन् । राजावादी दल भनेर चिनिने राप्रपा >>> पृष्ठ २ मा



राजतन्त्रको पक्षमा अहिले सडकमा देखिएको भीड वर्तमान अवस्थाप्रतिको असन्तुष्टि र वितृष्णाको अभिमत मात्र हो

**पुरञ्जन आचार्य**
**राजनीतिक विश्लेषक**

## घट्दै जनमत

संविधानसभाको पहिलो निर्वाचनमा परम्परागत रूपमा राजतन्त्र पक्षधर भनेर चिनिएका ३ वटा दल थिए। तीमध्ये कमल थापा नेतृत्वको राप्रपा नेपाल राजतन्त्रको पक्षमा मात्र खुलेर लागेको थियो ।

राप्रपा नेपाल, सूर्यबहादुर थापा नेतृत्वको राष्ट्रिय जनशक्ति पार्टी र हिन्दु प्रजातान्त्रिक पार्टीले आफ्नो पक्षधरता स्पष्ट गरेका थिएनन् ।

कुल १ करोड ७ लाख ३९ हजार ७८ मत सदर भएको त्यस निर्वाचनमा राजतन्त्र पक्षधर भनेर चिनिएका यी ३ वटा दलले समानुपातिकतर्फ कुल ३ दशमलव ९ प्रतिशत मत पाएका थिए ।

त्यतिबेला राप्रपाले समानुपातिकतर्फ २ लाख ६३ हजार ४३१ मत पाएर संविधानसभामा ८ सिट पाएको थियो । निर्वाचनमा प्रखर राजावादी दल राप्रपा नेपालले १ लाख १० हजार ५१९ मत पाएर ४ सिट जितेको थियो ।

यस्तै, अर्को परम्परागत रूपमा दरबार निकट भनेर चिनिएको राष्ट्रिय जनशक्ति पार्टीले ५३ हजार ९१० मत पाएर समानुपातिकतर्फ २ र प्रत्यक्षमा १ गरी ३ जना सांसद निर्वाचित गराएको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा यौन दुर्व्यवहारको अभियोगमा २ नेपाली पक्राउ

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २८ फागुन ।

मलेसियाली महिलामाथि यौन दुर्व्यवहारको अभियोगमा २ जना नेपाली पक्राउ परेका छन् । उनीहरूले मलेसियाली महिलामाथि गरेको दुर्व्यवहारको २ मिनेट ३९ सेकेन्ड लामो एउटा भिडियो भाइरल भएको मलेसियाको स्टार अनलाइनले जनाएको छ ।

भिडियोमा अपार्टमेन्ट ब्लकमुनि १ जनाले महिलालाई यौन दुर्व्यवहार गरेको र २ जना नेपाली मिलेर ती महिलालाई उनको निवाससम्म पिछा गरेको देखिएको शाह आलम ओसीपीडीका सहायक कमिस्नर मोहम्मद इकबाल इब्राहिमले बताएका छन् ।

समाचारमा नेपाली संदिग्धहरूले पीडितको घरको अगाडिको ग्रिल समातेर उनलाई बाहिर निस्कन बोलाएर आक्रामक व्यवहार गरेपछि पीडितले डराएर मदतका लागि आफ्नो काकालाई गुहारेको उल्लेख छ । एसीपी मोहम्मद इकबालले पक्राउ परेका नेपाली ३८ र ४४ वर्षका दुवै पुरुष भएका र उनीहरूसँग कुनै पहिचान खुल्ने कागजात नभएको तथा अवैधानिक र बेरोजगार अवस्थामा रहेका पाइएको बताए ।

उनीहरूलाई २७ फेब्रुअरीदेखि १२ मार्चसम्म १४ दिनका लागि न्यायिक हिरासतमा राखिएको बताइएको छ । उनीहरूविरुद्ध मलेसियाली दण्डसंहिताको धारा ५०९ र अध्यागमन ऐन, १९५९/६३ को धारा ६(१)(ग) अन्तर्गत मुद्दाको अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

उक्त दफाअनुसार कसैले कुनै व्यक्तिको गोपनीयतामा हस्तक्षेप गरे त्यस्तो व्यक्तिलाई न्यूनतम ५ वर्षसम्म कैद वा जरिमाना वा दुवै सजाय हुने व्यवस्था छ। मलेसियामा मूलतः नेपाली कामदारले मिहिनेती, इमानदार र बफादारको छवि बनाएका छन् । तर, यस प्रकारका घटनाले वर्षौं लगाएर बनाएको छवि धुमिल हुन सक्ने कतिपय नेपाली संघसंस्थाका अगुवाहरू बताउँछन् ।

## विदेशमा मोबाइल बैंकिङ ठगीबाट बच्न नेपाली दूतावासहरूद्वारा सचेत

**काठमाडौं/मस-** खाडीका दुई मुलुक यूएई र साउदी अरेबियास्थित नेपाली दूतावासले बढ्दो मोबाइल बैंकिङ स्क्यामहरू (ठगी)बाट बच्न नेपाली कामदारहरूलाई सचेत गराएका छन् । रोजगारीका लागि गएका नेपाली कामदारको खाता दुरुपयोग गर्न सक्ने खतरा औंल्याउँदै राजदूतावासले सचेत गराएको हो ।

दूतावासले पछिल्ला दिनमा साउदी अरेबियाका केही दुरसचार कम्पनीका प्रतिज्ञा-पत्रहरूका प्रावधान कार्यान्वयनका नाममा विभिन्न प्रकारका ठगी भइरहेको र कतिपय नेपाली आफूले लिँदै नलिएको दायित्वको झमेला >>> पृष्ठ २ मा

## सडक...

भएको प्रहरीको तथ्यांक छ । यसरी हेर्दा २ पांग्रे सवारी साधन दुर्घटनाबाट सबैभन्दा बढी क्षति भएको छ । त्यसमा पनि उपत्यकामा बढी दुर्घटना र क्षति हुने गरेको ट्राफिक प्रहरीले जनाएको छ ।

दुर्घटनाको अधिकांश कारण चालकको लापरबाही भएको प्रहरीको विश्लेषण छ । यस्ता दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले विभिन्न सचेतनाका कार्यक्रमहरूसमेत गर्दै आए पनि दुर्घटनामा न्यूनीकरण हुन सकेको छैन ।

ट्राफिक प्रहरीले अहिले पनि काठमाडौं महानगरपालिकाले राखेको बुक फ्री फ्राइडे कार्यक्रमसँगको सहकार्यमा ट्राफिक नियम, दुर्घटनाका कारण तथा परिणामका विषयमा ११ वटा विद्यालयमा ट्राफिक सचेतना गरिरहेको काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

योसँगै चालकसँग २ मिनेट, नियम उल्लंघन गर्ने चालकहरूलाई नियमति कक्षा संचालन, नियमित चेकिङमा सक्रियता बढाएको उनको भनाइ छ ।

## सहकारीमा...

आइसक्नुपर्छ। विधेयकमा १० लाख रुपैयाँभन्दा बढीको बचतको स्रोत अनिवार्य गरिएको छ । यसअघि बचतमा स्रोत खुलाउनुपर्ने बाध्यता थिएन ।

विधेयकमा कर्जा सूचनालाई अनिवार्य गरिएको छ। कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी सूचना आदानप्रदान गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ। कर्जा सूचना केन्द्रको कानुनी दायित्व पनि सिर्जना गरिएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अधिकारीका अनुसार सहकारी संस्थाको वर्गीकरण गरिएको छ । सहकारीलाई संघ, प्रदेश र स्थानीय तहमा वर्गीकरण गरिएको छ । प्रचलनमा रहेका सहकारी संस्थालाई वर्गीकरणका लागि १ वर्षको समय दिइएको छ ।

विधेयकले एकै प्रकृतिका १ भन्दा बढी सहकारीमा एकै व्यक्ति सदस्य भएमा छनोटका लागि १ वर्षको समय दिइएको छ । अर्थात्, एकै व्यक्ति १ भन्दा बढी सहकारीको सदस्य बन्न पाउँदैनन्।

नेकपा एमालेका सांसद सूर्य थापा सहकारीमा अपारदर्शी रकम राख्न सकिने सुविधा रहेको भन्ने मनोविज्ञान चिर्नुपर्ने बताउँछन् ।

बुधबार प्रतिनिधिसभामा बोल्दै उनले विधेयकले बचत दुरुपयोग रोक्ने, पीडितहरूलाई रकम फिर्ता गर्ने, भविष्यमा रकम दुरुपयोग र ठगी नहुने प्रत्याभूति गरेको बताए।

सहकारी ठगीको आरोपमा थुनामा रहेका व्यक्तिहरूले थुनामुक्त भएर सहकारी संचालन गरेर बचत फिर्ता गर्ने वातावरणका लागिसमेत उनले आग्रह गरे ।

'बचत फिर्ताको विशेष व्यवस्थासहित बचत फिर्तालाई केन्द्रमा राखेर काम गर्नुपर्छ', सांसद थापाले भनेका छन्। अर्थात्, मिलापत्र हुन सक्ने प्रावधानलाई दह्रिलो बनाउनुपर्ने उनको राय छ।

विधेयकमा पनि बचत फिर्ता भएमा मिलापत्र हुन सक्ने व्यवस्था गरिएको छ। अदालतमा विचाराधीन मुद्दा पनि मिलापत्र हुन सक्ने व्यवस्था गरिएको छ ।

बचत फिर्ता भई मिलापत्रको निवेदन परेमा विचाराधीन मुद्दामा मिलापत्र हुने छ। संगठित अपराध, सम्पत्ति शुद्धीकरण तथा अन्य फौजदारी कसुरका मुद्दा भने मिलापत्र हुन सक्ने छैनन् । मुद्दा मिलापत्र भएमा रोक्का सम्पत्ति फिर्ता हुने छ ।

## सधैं...

र राप्रपा नेपालले पूर्वराजा शाहको पोखराबाट काठमाडौं आगमनलाई स्वागत गर्दै हौसिएको छ ।

१ महिना लामो पोखरा बसाइ सकेर आइतबार राजधानी फर्केका पूर्वराजा शाहलाई विमानस्थलबाट महाराजगन्जस्थित उनको निवाससम्म स्वागत गरिएको थियो भने उनको पक्षमा समर्थकहरूको ठूलो भीड लागेको थियो ।

पूर्वराजाको समर्थनमा देखिएको भीडलाई नेपालमा राजतन्त्र पुनर्वहालीको आधार तयार हुँदै गरेको दाबी राजावादीरूको छ भने गणतन्त्रवादीहरू यसबाट राजतन्त्र पुनर्स्थापना हुने कुनै धरातल नभएको तर्क गर्छन् ।

गणतन्त्र आइसकेपछि पनि राजावादी दलहरूमा संवैधानिक राजसंस्था कि सक्रिय राजतन्त्र भन्ने बहस जारी नै छ । यद्यपि, राजा फर्काउनुपर्छ भन्नेहरूले पनि निरंकुश राजतन्त्र चाहिन्छ भन्न सकेका छैनन् । उनीहरू २०४७ सालको जस्तै संवैधानिक राजसंस्थाकै पक्षमा छन् ।

राजसंस्थाको वकालत गर्दै आइरहेका राजावादी दलहरूको विगत पनि सुखद छैन। ती दलहरू प्रजातन्त्र पुनर्स्थापना भएको २०४७ सालदेखि फुट्दै/जुट्दै आइरहेका छन् ।

कमजोर दाबी

पूर्वराजा शाहलाई स्वागत गरेर हौसिएका राजावादी शक्तिहरूले राजतन्त्र फर्काउने बताइरहँदा उनीहरूको दाबी भने कमजोर छ । ती दलहरूले राजतन्त्रको पक्षमा वकालत गर्दै आइरहेका भए पनि गणतन्त्र स्थापना भएपछि भएको पहिलो निर्वाचनदेखि नै जनमत भने उनीहरूको विपक्षमा गएको देखिन्छ । २०६४ सालमा भएको पहिलो संविधानसभाको निर्वाचनदेखि २०७९ सालमा भएको पछिल्लो संसदीय निर्वाचनसम्म संसद्मा ती दलहरूका संख्यात्मक उपस्थित भने न्यून छ ।

गणतन्त्र घोषणा भएपछि भएका निर्वाचनहरूमा राजतन्त्र पुनर्वहालीको मुद्दा उठाइरहेका दलहरूले पाएको जनमत भने निर्णायक देखिँदैन ।

राजतन्त्र र गणतन्त्रबीच जनमतसंग्रहकै झल्कोका रूपमा हेरिएको २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा गणतन्त्र पक्षधर शक्तिहरूले दुई तिहाइभन्दा धेरै मत पाएका थिए ।

त्यही निर्वाचनपछि बसेको संविधानसभाको पहिलो बैठकले १५ जेठ २०६५ मा देशलाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो ।

गणतन्त्रको नारासहित सशस्त्र विद्रोहमार्फत शान्ति प्रक्रियामा आएको तत्कालीन माओवादी पहिलो संविधानसभा निर्वाचनबाट सबैभन्दा ठूलो दल बनेको थियो ।

संविधानसभा निर्वाचनअघि नै माओवादीसहित नेपाली कांग्रेस र नेकपा एमालेसमेतका ७ संसद्वादी दलले गणतन्त्र घोषणा गर्ने १२ बुँदे सहमतिमा हस्ताक्षर गरेका थिए ।

## घट्दै...

थियो । यद्यपि, तत्कालीन प्रमुख दलहरूको बाचाअनुसार नयाँ संविधान निर्माण गर्न पहिलो संविधानसभा असफल भएपछि दोस्रो संविधानसभामा राजतन्त्र पक्षधर शक्तिहरूको जनमत बढेको थियो ।

२०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ कुल ९४ लाख ६३ हजार ८६२ मत सदर भएको थियो । यद्यपि, दोस्रो निर्वाचनमा पहिलो निर्वाचनको तुलनामा कम मतदान भएको थियो ।

दोस्रो संविधानसभा निर्वाचनमा कमल थापा नेतृत्वको राप्रपा नेपालले ६ लाख ३० हजार ६९७ मत प्राप्त गरेको थियो भने समानुपातिक प्रणालीबाट २४ सिट हासिल गर्‍यो ।

पशुपतिशम्शेर राणा, लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाले संयुक्त नेतृत्व गरेको राप्रपाले पनि २०७० सालको निर्वाचनमा अघिल्लो निर्वाचनको तुलनामा सिट संख्या बढायो । उक्त दलले कुल २ लाख ६० हजार २३४ मत पाएको थियो । समानुपातिकतर्फ १० र प्रत्यक्षतर्फ पनि ३ सिट जितेर संविधानसभामा कुल १३ सिट हासिल गर्‍यो ।

परम्परागत रूपमा दरबार निकट पहिचान भएका यी २ दलले ९ दशमलव ४ प्रतिशतभन्दा धेरै मत २०७० सालको निर्वाचनमा पाएका थिए ।

त्यसपछि नयाँ संविधानले संस्थागत रूपमै देशलाई संघीय लोकतान्त्रिक गणतन्त्र भएको घोषणा गरेको थियो ।

नयाँ संविधान कार्यान्वयनपछि २०७४ सालमा भएको पहिलो संसदीय निर्वाचनमा राजतन्त्र पक्षधर दलको जनमत ह्वात्तै घटेको थियो ।

त्यस निर्वाचनमा राप्रपाले ३ प्रतिशत थ्रेसहोल्ड पनि कटाउन नसक्दा समानुपातिकतर्फबाट कुनै सिट जित्न सकेन । राप्रपाले १ लाख ९६ हजार ७८२ मत अर्थात् कुल सदर मतको २ दशमलव ०६ प्रतिशत मत प्राप्त गर्‍यो । राप्रपाबाट विभाजित भएको पशुपतिशम्शेर राणाको राप्रपा प्रजातान्त्रिकले ८८ हजार अर्थात् शून्य दशमलव ९२ प्रतिशत मत पायो ।

यस्तै, २०७९ सालमा भएको दोस्रो संसदीय निर्वाचनअघि राप्रपाको नेतृत्वबाट कमल थापालाई विस्थापित गर्दै राजेन्द्र लिङ्देन अध्यक्ष निर्वाचित भए । उनी नेतृत्वको राप्रपाले २०७९ सालको निर्वाचनमा ५ लाख ८८ हजार ८४९ मत प्राप्त गर्‍यो ।

समानुपातिकतर्फ कुल सदर मत १ करोड ५ लाख ६० हजार ६७ मध्ये राप्रपाले पाएको मत ५ दशमलव ५७ प्रतिशत हो । समानुपातिकमा ३ प्रतिशत मत कटाउने ७ दलमध्ये राप्रपाले ६ दशमलव ४ प्रतिशत मत पाएको थियो ।

निर्वाचनमा राप्रपाबाट अलग भएको कमल थापा नेतृत्वको राप्रपा नेपालले १२ हजार ३४० मत पायो । तर, थापाले निर्वाचनमा संवैधानिक राजतन्त्रको मुद्दा छाडेका थिए ।

राजा पुनः आउनुपर्ने अभियानमा लागेका दलहरूको निर्वाचनहरूमा देखिएको कमजोर जनमतले उनीहरूको धरातल बलियो नरहेको विश्लेषकहरू बताउँछन् । दलहरूको जनमत मापनको एउटा सुनिश्चित आधार निर्वाचन भएकाले त्यसकै माध्यमबाट उनीहरूको आगामी राणनीति तय हुन्छ ।

तर, पछिल्ला सबै निर्वाचनहरूमा राजावादी दलहरूको कमजोर र न्यून जनमतका कारण राजतन्त्र फेरि ल्याउने उनीहरूको क्षमताबाहिर रहेको विश्लेषकहरूको भनाइ छ ।

'राजतन्त्रको पक्षमा अहिले सडकमा देखिएको भीड वर्तमान अवस्थाप्रतिको असन्तुष्टि र वितृष्णाको अभिमत मात्र हो, राजाको पक्षमा देखिएको जनमत मात्र भन्न मिल्दैन', राजनीतिक विश्लेषक पुरञ्जन आचार्यले भने, 'राजावादी दलहरूले यो यथार्थलाई भुलेका देखिन्छ ।'

उनका अनुसार विगतदेखिको निर्वाचन परिणाम हेर्दा जनमत राजाको पक्षमा गएको देखिँदैन । 'तर जनता मुख्य दलसँग भने रिसाएका छन्', उनले भने, 'राजा ल्याउने एजेन्डालाई आगामी निर्वाचनमा मुद्दा बनाउने रणनीति राजावादी दलहरूको देखिन्छ ।'

२०७९ सालको निर्वाचनमा राजावादी सबै दलले करिब साढे ५ लाख मत पाएका हुन्, जबकि समानुपातिकतर्फ नेकपा एमालेले २८ लाख ४५ हजार मत पाएको छ भने नेपाली कांग्रेसले २७ लाख १५ हजार पाएको छ। माओवादीले ११ लाख ७५ हजार मत पाएको छ । यो सबै जोड्दा गणतन्त्रवादीको पक्षमा ६६ लाखभन्दा बढी छ । यसमा गणतन्त्रकै पक्षमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको ११ लाख ३० हजार मत जोड्ने हो भने गणतन्त्रवादी दलको पक्षमा ७७ लाखभन्दा बढी मत देखिन्छ ।

यसले के सिद्ध गर्छ भने, मतदाताले पुराना दलप्रति असन्तुष्टि जनाए पनि राजा चाहिन्छ भन्ने दललाई मत दिएका देखिँदैन ।

### पहिलो संविधानसभा (२०६४)

राप्रपा- २ लाख ६३ हजार ४३१
राप्रपा नेपाल- १ लाख १० हजार ५१९
राष्ट्रिय जनशक्ति पार्टी- १ लाख २ हजार १४७
हिन्दु प्रजातान्त्रिक पार्टी-४९ हजार २

### दोस्रो संविधानसभा (२०७०)

राप्रपा नेपाल- ६ लाख ३० हजार ६९७
राप्रपा- २ लाख ६० हजार २३४

### आमनिर्वाचन (२०७४)

राप्रपा- १ लाख ९६ हजार ७८२
राप्रपा प्रजातान्त्रिक- ८८ हजार ३७७
एकीकृत राप्रपा राष्ट्रवादी- २८ हजार ८२८

### आमनिर्वाचन (२०७९)

राप्रपा- ५ लाख ८८ हजार ८४९

## विदेशमा...

र कानुनी कारबाहीमा पर्दै आएको बताएको छ। साउदी अरेबियास्थित नेपाली राजदूतावासले अब्सोर खाताको जानकारी सुरक्षित राख्न भन्दै आफ्नो अब्सोर खाताको वानटाइम पासवर्ड (ओटीपी) कसैलाई नदिन आग्रह गरेको छ। उक्त खाता अपडेट वा पासवर्ड परिवर्तन गर्न अरूलाई नलगाउन र कोही सहयोग गर्छु भन्दै आएमा सहयोग नलिन, रोजगारदाता अर्थात स्पोनसर, कम्पनीको ह्युमन रिसोर्स म्यानेजरलाई समेत आफ्नो फोन प्रयोग गर्न नदिन र अनलाइन सपिङ र अन्य कारोबारमा सावधानी अपनाउन पनि राजदूतावासले आग्रह गरेको छ। त्यस्तै राजदूतावासले ठगीपूर्ण प्रतिज्ञा-पत्रको शिकार भएको भए तत्काले दूतावासमा सम्पर्क गर्न पनि आग्रह गरेको छ ।

त्यस्तै राजदूतावासले नचिनेको अज्ञात कल रिसिभ नगर्न, आफ्नो व्यक्तिगत विवरण र जानकारी सुरक्षित राख्न र नयाँ मोबाइल खरिद गर्दासमेत व्यक्तिगत विवरण सार्वजनिक हुने खतरा रहने भन्दै सचेत गराएको छ ।

राजदूतावासले यूएईमा कार्यरत तथा बसोबास गर्ने नेपालीहरूलाई बैंकिङ कारोबारका अतिरिक्त दैनिक जीवनमा कानुन, नियम र सामाजिक मर्यादाको पूर्ण पालना गर्न आग्रह गरेको छ । अत्यधिक मदिरा सेवन, आवासीय नियम उल्लंघन तथा दुर्व्यवहारका कारण नेपालीहरू निष्कासन अर्थात् डिपोर्ट हुने घटना बढ्दै गएको भन्दै राजदूतावासले सचेत रहन र कुनै समस्या वा उजुरी परेमा सम्बन्धित निकायमार्फत उचित प्रक्रिया अपनाएर समाधान खोज्न सुझाव दिएको छ । साथै, इमिरेट्स आईडी र आवश्यक कानुनी कागजात सधैं साथमा राख्न पनि राजदूतावासले सबै नेपालीलाई अनुरोध गरेको छ ।

# होली पर्व मनाइँदै

**काठमाडौं/मस–** रङहरुको पर्व होली आज मनाइँदैछ। फागुन शुक्ल पूर्णिमाका दिन यो पर्व मनाउने गरिन्छ। आज हिमाली एवं पहाडी जिल्लामा होली मनाइँदैछ । होली अर्थात् फागु पर्व परम्परागतरूपमा विभिन्न रङ र लोला खेली मनाउने प्राचीन परम्परा छ । हिमाल र पहाडमा आज होली मनाइने भएपनि तराईका जिल्लाहरुमा भने भोलि शुक्रबार भव्यताका साथ मनाइन्छ ।



मुख्यगरी दुई दिन यो पर्व मनाउने गरिए पनि यसको औपचारिक सुरुवात भने होलीको चीर ठड्याएको दिनदेखि नै हुन्छ । यो वर्ष यहि फागुन २३ गते बसन्तपुरमा चीर ठड्याएको थियो । उक्त चीरलाई आज टुँडिखेलमा विधिपूर्वक ढालिन्छ ।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैं भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा होली पर्वसँग जोडिएको छ ।


### काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/२९**

डडेल्धुरा जिल्ला गन्यापधुरा गाउँपालिका-१ स्थित निलपाल महिला सा.व.उ.स. को वन क्षेत्रबाट उत्पादन भई गन्यापधुरा-१ सेटीगाउँ स्थित घाटगद्दीमा राखिएको कुल १२२ गोलिया थानको परिमाण १७२८.५ क्यूफिट सल्ला जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा दिउसो ठिक १२ बजेभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पाटीमा टाँस गरिएको छ ।

### भुलसुधार गरिएको सूचना

**प्रकाशित मिति : २०८१/११/२९**

यस सानुमाया सा.व.उ.स. को मिति २०८१/११/२८ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रि आव्हानको सूचनामा बडीकेदार गा.पा.वडा नं. १, डोटी हुनुपर्नेमा अन्यथा हुन गएकोले भुलसुधार गरिएको छ ।

**सानुमाया सा.व.उ.स., बडीकेदार गाउँपालिका वडा नं. १, डोटी**

### काठ दाउरा बिक्रि लिलाम सम्बन्धि २१ दिने सूचना

**प्रथम पटक प्रकाशित : २०८१/११/२९ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा ४ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०८०/२०८१ मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको साल ९३ थान को ६५५.८८ क्यु फीट, अस्ना १२ थानको १०५.५८, क्यु फिट जम्मा गोलिया १०५ थान ७६१.४६५ क्यु फिट काठ सालको दाउरा १.५ चट्टा, अस्ना ०.५ चट्टा दाउरा सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री मोहन्याल सामुदायिक वन उपभोक्ता समूह, घोडाघोडी नगरपालिका-४, कैलाली**

### Gangadev Rural Municipality
### Office of Rural Municipal Executive

**Sandada, Rolpa**
**Lumbini Province, Nepal**

**Invitation for Electronic Sealed Quotation**

**Date of Publication: March 13, 2025(2081-11-29)**

Gangadev Rural Municipality, Rolpa invites electronic sealed quotation under e-Procurement System to the bidders for the following procurement under National Competitive Bidding Procedures.

| S.N. | Contract Identification No. | Description of Works | Estimated Amount (Excluding VAT& Contingency) | Bid Security Amount | Bid Document Fee | Bid Submission Deadline |
|---|---|---|---|---|---|---|
| 1. | GRM/SQ/ WORKS/ 081/82-06 | Bageshwori Pra. Vi. Gauridanda Gherbar Gangadev 3, Rolpa / Balkalyan Pra. Vi. Hileychaur Gherbar Gangadev 3, Rolpa | 12,28,353.12 | 40,000.00 | 1000.00 | March 28, 2025 Before 12:00 PM |
| 2. | GRM/SQ/ WORKS/ 081/82-07 | Birthing center bhawan nirman Ota Gangadev-1, Rolpa | 8,39,544.31 | 25,000.00 | 1000.00 | March 28, 2025 Before 12:00 PM |

Eligible bidders may obtain further information from Gangadev Rural Municipality, Rolpa, Contact: 9857877042, Email: gangadevmun@gmail.com or may visit PPMO website: https://bolpatra.gov.np/egp under the name of public entity "**Gangadev Rural Municipality, sandanda Rolpa**".

**Chief Administrative Officer**

### साउदीमा रोजगार

कम्पनी: Salem Ahmmed Al Haidar Contracting Establishment — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/११/२८ — चलानी नं.: ६०२३४४१० — L.T. No.: 320254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUILDING ELECTRICIAN | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | CONTRUCTION LABOUR | 5 | 0 | | 1000 | ३७,१३० | | | | | | | |
| 3. | Plumber | 2 | 0 | | 1200 | ४४,५५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ७ गते (20 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.** — Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

### साउदीमा रोजगार

कम्पनी: Factory TAJ AROWA For Manufacturing — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/११/२८ — चलानी नं.: ६०२३४४०८ — L.T. No.: 320262

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ७ गते (20 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. License No.: 1153/073/074
**TEAMPRO H.R. Services Pvt Ltd**
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, 9851056928, 9851125140 E-mail: teamprohrs@gmail.com

### युएई र कतारमा रोजगार

कम्पनी: SILVER FALCON TECHNICAL SERVICES LLC — शहर : Dubai
पूर्व स्वीकृत मिति: २०८०/१२/२० — चलानी नं.: ६०२३३४८० — L.T. No.: 318976 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SECURITY GUARD | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | LIGHT VEHICLE DRIVER | 2 | 0 | | 1200 | ४५,४९२ | | | | | | | |

कम्पनी: AZACO TRADING CONTRACTING AND SERVICES — शहर : Doha
पूर्व स्वीकृत मिति: २०८०/०२/३० — चलानी नं.: ६०२०३१७८ — L.T. No.: 287737 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General cleaning worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४२,०३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 7 | 0 | | 1200 | ४५,८५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ७ गते (20 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले कतार निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१-४५८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

### मलेसियामा रोजगार

कम्पनी: VITAL 6 SECURITY SND BHD — शहर: SEREMBAN
पूर्व स्वीकृत मिति: २०८०/१२/१४ — चलानी नं.: ६०२१७४३९ — L.T. No.: 302582 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | security gurad | 20 | 0 | स. काममा दक्ष | 1500 | ४७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ६ र ७ गते (19 & 20 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले कतार निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHREESHA INTERNATIONAL PVT. LTD.** — For Location
Govt. Lic. No. 1573/079/080
Koteshwor-32, Kathmandu, Nepal. Tel.: 015918931, 015918932 | Mobile No.: 9802352700
Email: info@shreeshainternational.com | www.shreeshainternational.com

### युएईमा रोजगार

कम्पनी: Deyaar facilities management llc — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/२५ — चलानी नं.: ६०२२९५१२ — L.T. No.: 315128 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 40 | 20 | स. काममा दक्ष | 800 | ३२,८८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ७ गते (20 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** — श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोबाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

### कुवेतमा रोजगार

कम्पनी: BEAUTY VILLA LADIES SALON — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/११/२८ — चलानी नं.: ६०२३४४०५ — LT. No.: 320255

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 6 | सम्बन्धित काममा दक्ष | 150 | ६७,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | MANICURE/PEDICURE | 0 | 6 | | 150 | ६७,७८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ७ गते (20 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.** — Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212.
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

### साइप्रसमा रोजगार

कम्पनी: PRIVATE EMPLOYMENT AGENCY OPERATING -LIC NO.603 — शहर: NICOSIA
पूर्व स्वीकृत मिति: २०८१/११/२८ — चलानी नं.: ६०२३४३८८ — LT. No.: 320135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ६०,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १० गते (23 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sundar Nepal Overseas Pvt. Ltd.** — Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578460.
Mo.: 9860480301, 9851170602, 9841566228, Email: Sundarnpo@gmail.com

प्रधानमन्त्री र इजिप्टका राष्ट्रपतिबीच फोन संवाद

# विपिन जोशीको रिहाइका लागि आग्रह



**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले इजिप्टका राष्ट्रपति अब्देल फत्ताह सइद हुसैन खालिलसँग टेलिफोन संवाद गरी हमासद्वारा बन्धक बनाइएका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि थप पहल गरिदिन आग्रह गरेका छन् ।

प्रधानमन्त्री ओलीले 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायलमा कार्यरत विद्यार्थी जोशीको सकुशल र शीघ्र रिहाइका लागि भूमिका निर्वाह गर्न राष्ट्रपति अब्देलसँग आग्रह गरेका हुन् ।

जवाफमा राष्ट्रपति अब्देलले उक्त विषयमा आफ्नो प्रयास जारी रहने अवगत गराए ।

इजरायलमाथि आक्रमणाका क्रममा सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा बन्धक बनाइएका जोशीको इजरायल र हमासबीचको दोस्रो चरणको बन्दी आदानप्रदानको सूचीमा नाम प्राथमिकतामा पार्ने प्रयासका लागि धन्यवाद व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले इजरायल र हमासबीचको युद्धविराम सम्झौताको नेपालले स्वागत गरिसकेको र सो क्रममा अरब गणतन्त्र इजिप्टले खेलेको भूमिकाको महत्वपूर्ण भएको उल्लेख गरे ।

प्रधानमन्त्री ओलीले नेपाल विश्व शान्तिका पक्षमा सदैव रहेको स्पष्ट गर्दै यस मानवीय प्रकृतिको कार्यमा भूमिका निर्वाहका लागि कतार र संयुक्त राज्य अमेरिका सरकारलाई पनि आभार व्यक्त गरे । प्रधानमन्त्री ओलीले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा हुने सगरमाथा संवाद कार्यक्रमका लागि राष्ट्रपति खालिललाई निमन्त्रणा गरे । वातावरणसम्बन्धी विश्व सम्मेलन (कोप-२७) को आतिथ्य मुलुकका नाताले जलवायु परिवर्तनका मुद्धामा साझा सहकार्यका लागि प्रधानमन्त्री ओलीले उहाँसँग आग्रह गर्नुभयो । नेपाल सरकारले पहिलो पटक जलवायु परिवर्तन, हिमाल र मानव जीवनको भविष्यलाई केन्द्रमा राखेर हरेक दुई वर्षमा यस प्रकारको विश्वव्यापी संवादको क्रममा पहिलो शृङ्खलाको आयोजना गर्न लागेको हो ।

संवादका क्रममा संयुक्त राष्ट्रसंघका मञ्चहरुमा उम्मेदवारी, आपसी सहकार्य, उच्चस्तरीय भ्रमणको आदानप्रदान, दुई देशबीचको परस्पर सम्बन्ध विस्तारका विविध पक्षमा छलफल भएको थियो ।

# लागुऔषध नियन्त्रण गर्न सामूहिक प्रतिबद्धता



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ फागुन

अर्घाखाँचीमा लागुऔषध नियन्त्रण गर्न सामूहिक प्रतिबद्धता गरिएको छ । जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको आयोजनामा स्थानीय तहका प्रमुखहरु, जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख, सरोकारवाला निकायबीच लागुऔषध नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सामुहिक प्रतिबद्धता जनाइएको हो ।

कार्यक्रममा प्रहरी नायव उपरीक्षक चक्रबहादुर मल्लले जिल्लामा लागुऔषधको वर्तमान अवस्था, नियन्त्रणको प्रयास र सरोकारवालाहरुका सुझाव, अर्घाखाँचीको पछिल्लो अवस्था, शान्ति सुरक्षाका विषय समेटिएको कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले लागुऔषध नियन्त्रणका लागि सरोकारवाला सबैको जिम्मेवारी रहेको र यसका लागि सबै एकजुट हुनुपर्ने बताए । उनले जिल्लाका सबै स्थानीय तहहरुले लागुऔषध रोकथाम तथा नियन्त्रण सम्बन्धी एक/एक जना काउन्सिलरको व्यवस्थापन गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा सन्धिखर्क नगरपालिका प्रमुख कृष्णप्रसाद श्रेष्ठले लागुऔषध दुर्व्यसनीमा फसेकाहरुको लागि जिल्लामा सुधार गृहको आवश्यकता रहेकाले सबै स्थानीय सरकारहरु मिलेर सुधार गृह खोल्नका लागि नगरपालिका तयार रहेको बताए ।

प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले लागुऔषध दुरुपयोग तथा अवैध ओसार पसारविरुद्ध कठोर भएर नलागे जिल्लामा भयावह अवस्था आउने बताए । कार्यक्रममा मालारानी गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराई, छत्रदेव गाउँपालिकाका उपाध्यक्ष मनि पन्थी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## गरुडा र फतुवामा होली मिलन कार्यक्रम




**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २८ फागुन

रौतहट गरुडा नगरपालिकाको आयोजनामा होली मिलन कार्यक्रम सम्पन्न भएको छ ।

नगरप्रमुख कन्थमणी जयसवालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्थानीय समुदायको बीचमा रंग अबिर साटासाटा तथा एकअर्कासँग भेटघाटसहित होली मिलन कार्यक्रम सम्पन्न भएको हो । होली मिलन समारोहमा सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

कार्यक्रममा नगरप्रमुख जैसवालले होली पर्वलाई रंग, उमंग र सद्भावको पर्व भएको उल्लेख गर्दै यस पर्वले सामाजिक मेलमिलाप, आपसी समझदारी र सद्भावना अभिवृद्धि गर्ने बताए । होली पर्वको सांस्कृतिक महत्वलाई उजागर गर्दै यस पर्वलाई समाजलाई एकत्रित गर्ने, विगतका द्वेष हटाउने र सबैलाई प्रेम र सद्भावको डोरीले बाँध्ने पर्व को रूपमा मनाउन आग्रह गरे ।

कार्यक्रममा कांग्रेसका युवा नेता ज्ञानेन्द्र यादवले होली पर्व आपसी प्रेम, भाइचारा, सद्भाव र सहिष्णुता फैलाउने महत्वपूर्ण अवसर भएको बताए ।


स्थानीय सरकार

**खनियाबास गाउँपालिका**

ཁ་ནི་ཡ་བཱས་གཱའུ་པཱ་ལི་ཀཱ།

**गाउँ कार्यपालिकाको कार्यालय**

दार्खा, धादिङ बागमती प्रदेश, नेपाल

**क्याटलग सपिङ विधिबाट मोटरसाइकल खरिद सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/२८**

यस गाउँपालिकाको लागि आवश्यक मोटरसाइकल (थान-२) खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधनसहित) को नियम ३१ (ख) बमोजिम उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि २०७४ बमोजिम क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त यस कार्यालयमा प्रचलित नियमानुसार सुचिकृत उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ताको प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization, आयकर चुक्ता र स्व-घोषणा समावेश गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम खरिद उत्पादकको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको बेलुका ५:०० बजेभित्र र सो दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको बेलुका ५:०० बजेभित्र यस कार्यालयमा तपसिल बमोजिमको मोटरसाइकलको आवेदन दर्ता गर्नुहुन सुचिकृत उत्पादक वा आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्यांद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन । प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने व्यहोरा समेत सम्बन्धी सबैको लागि जानकारी गराइन्छ । थप जानकारी तथा स्वीकृत स्पेसिफिकेसनको लागि यस कार्यालयको वेबसाइटः khaniyabasmun.gov.np हेर्नु हुन वा गाउँपालिका कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



मधेश प्रदेश सरकार

**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**

**पर्यटन विकास कार्यालय**

लहान, सिरहा

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/११/२९)**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०७१/१०/१५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान (e–bidding) सम्बन्धि सूचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सूचनाअनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मूल्यमा कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति २०८१/११/२८ गतेको निर्णयअनुसार स्वीकृतिको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का न | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक) |
|---|---|---|---|---|
| 1 | 9/NCB/WORKS/TDOSIRAHA/2081/82 | Dihibar than ra mandir nirmaan karya tatha saundaryakaran karya, Laxmi Narayan mandir saundaryakaran karya, Pato pokhari saundaryakaran Golbazar-6,Sukhipur-02 Siraha | Bikash Construction, Bariyarpatti-4, Siraha | २९,७३,६०१.१०/- |
| 2 | 10/NCB/WORKS/TDOSIRAHA/2081/82 | Bhulkeko mukteswor baba shiv mandirko rang rogan tatha marble tiles samet karya, Sahid asmiriti park tatha sahid astamb nirmaan, brahamthakur babako mandir nirmaan, Yadav toleko pokhari saundaryakaran karya Karjanaha-4, Lahan 20 & Lahan-24, Siraha | Bhawani Construction, Lahan, Siraha | ३१,४२,२८८.८०/- |
| 3 | 11/NCB/WORKS/TDOSIRAHA/2081/82 | Musarniya sunaar tole ramjanki mandir nirmaan karya, Ramjanki mandir nirmaan karya, Shiv mandir najikko ghat nirmaan karya, Dohatiya pokhari ghat nirmaan tatha saundaryakaran Dhangadimai-9, Nabrajpur-2,& Golbazar-6, Siraha | Bikash Construction, Bariyarpatti-4, Siraha | ३१,६८,५६७.४०/- |

**कार्यालय प्रमुख**



**साउदीमा रोजगार**

कम्पनी: **Clean Life company Limited**
पूर्व स्वीकृत मिति: २०८१/११/२७ चलानी नं.: ६०२३४४०७
शहर: **Saudi Arabia**
LT. No.: 320220

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Roof Cleaning Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ७ गते (20 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**United World Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com



**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, ईटहरी शाखाको ३५ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८१/११/२९ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्द सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीहरूको नाम र ठेगाना : |
|---|---|
| १ | प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा मिति २०७८/०४/२१ मा प्रा.फ.र.नं. १००३७/०७८/०७९, स्थानिय व्यापार कायम भई सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ८ स्थित न्यू शुभ लक्ष्मी सप्लायर्स । |
| २ | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा मिति २०६८/०२/०४ मा प्रा.फ.र.नं. १३३८/०६७/६८ कायम भई सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. १ स्थित शिव भाडा पसल । |
| ३ | धनपत चौधरीकी छोरी, अरविन्द चौधरीकी श्रीमती, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ८ बस्ने रितादेवी चौधरी-१ तथा सीयाराम चौधरीको नाति, अरविन्द चौधरीको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ८ बस्ने प्रदिप चौधरी-१ समेत जना २ |
| **ऋणी १ र २ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | प्रयाग चौधरीको नाति, सीयाराम चौधरीको छोरा, सप्तरी जिल्ला, डाढा गा.वि.स./उ.म.न.पा. वडा नं. ३ बस्ने अरविन्द चौधरी । |
| २ | सीयाराम चौधरीको नाति, अरविन्द चौधरीको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ८ बस्ने प्रदिप चौधरी । |
| ३ | सीयाराम चौधरीको नाति, अरविन्द चौधरीको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ९ बस्ने सोनु चौधरी । |
| ४ | धनपत चौधरीकी छोरी, अरविन्द चौधरीकी श्रीमती, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा/गा.वि.स. वडा नं. ८ बस्ने रितादेवी चौधरी । |
| ५ | कैलास साहु कलवारको छोरी, सोनु चौधरीको श्रीमती, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा./गा.वि.स. वडा नं. २ बस्ने पिंकी कुमारी साह । |
| ६ | सीयाराम चौधरीको नाती, अरविन्द चौधरीको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ९ बस्ने आशिष चौधरी । |
| ७ | पंचम चौधरीको छोरी, प्रदीप चौधरीको श्रीमती, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ८ बस्ने चन्दा कुमारी । |
| **ऋणी ३ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | प्रयाग चौधरीको नाति, सीयाराम चौधरीको छोरा, सप्तरी जिल्ला, डाढा गा.वि.स./उ.म.न.पा. वडा नं. ३ बस्ने अरविन्द चौधरी । |
| २ | सीयाराम चौधरीको नाति, अरविन्द चौधरीको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ९ बस्ने सोनु चौधरी । |
| **ऋणी ३ को संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| १ | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा मिति २०६८/०२/०४ मा प्रा.फ.र.नं. १३३८/०६७/६८ कायम भई सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. १ स्थित शिव भाडा पसल । |
| **धितो सुरक्षणको विवरण :** | |
| १ | रिता देवी चौधरीको नाममा मालपोत कार्यालय, इनरूवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ७ (नक्सा सिट नं. ७ क) स्थित कित्ता नं. ४०७२ को ०-०-१० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

मध्यान्ह
www.madhyanhadaily.com
२९ फागुन २०८१ बिहीबार
13 March 2025, Thursday

सम्पादकीय

## खाँचो शैली सुधारको

पछिल्लो समय नेपाली राजनीतिक चर्चा गर्माएको छ– राजतन्त्र र गणतन्त्रमा । करिब अढाई सय वर्ष शासन गरेको शाह वंशीय राजतन्त्रको अन्त्य भएको १८ वर्षपछि पुनः नेपाली राजनीति तरंगित बनेको छ सोही राजतन्त्रको विषयमा । राजनीतिक प्रणाली परिवर्तनशील हुनु अस्वाभाविक होइन । विश्वमा राजनीतिक व्यवस्था परिवर्तन भइरहने र भइरहेका घटना प्रशस्त छन् । तर, कुन अवस्थामा राजनीतिक व्यवस्था परिवर्तनको खाँचो पर्छ भन्ने सवाल महत्त्वपूर्ण हो । के हामीकहाँ १८ वर्षमै व्यवस्था परिवर्तनको आवश्यकता भइसकेको हो ? के जनताको बलिदानीको मूल्य अब यति चाँडै सकिइसकेको हो ? हामीले लामो संघर्ष गरेर अन्त्य गरेको राजतन्त्रलाई यति छिटै फर्काइहाल्नुपर्ने अवस्था आइहालेको हो ? यी चुनौतीपूर्ण सवालमा अब बहस जरूरी देखिएको छ ।

जनताले जनताका लागि जनताद्वारा नै गरिने शासन प्रणाली, जसलाई प्रजातन्त्र/लोकतन्त्र भनिन्छ, यो विश्वमै उत्तम शासन व्यवस्था मानिन्छ । मौलिक हकका रूपमा जनताका आधारभूत अधिकारहरूलाई संविधानमै व्यवस्थित गरिने यो व्यवस्था धेरै देशमा सफल र सबल छ । तर, कतिपय देशमा यो व्यवस्थाले निर्मम अवस्था भोग्नुपरेको छ । नेपालमै पनि २०१७ साल र २०६१ सालमा प्रजातन्त्र अपहरणमा परेकै हो । यस्तो अवस्था किन सिर्जना हुन्छ ? यसका केही कारण छन् । जस्तो कि राज्य संचालकहरूमा जबाफदेहिताको अभाव, कुशासन, भ्रष्टाचार, अनियमितता, देश र जनताप्रतिको बेइमानी आदि । यी गम्भीर विषयहरू हुन्, जसले जनतामा निराशा र वितृष्णा बढाउँछन् । यिनै कारणले जनता निराश भई 'बरू पहिलाकै व्यवस्था ठीक' भन्नेतिर लाग्छन् । अर्को कुरा, यस्ता विकृति र विसंगतिको दुष्परिणाम देशमा अस्थिरता उत्पन्न हुन्छ । उक्त अस्थिरताले प्रजातन्त्रविरोधी शक्ति बलियो हुन्छ, जसरी २०६१ सालमा भयो । यही मौकाको दुरूपयोग गर्दै उक्त शक्तिले सत्ता हत्याउँछ र व्यवस्था परिवर्तन हुन्छ ।

आज नेपालको अवस्था कतै यस्तै त भइरहेको छैन ? हाम्रा राज्य संचालकहरूमा गैरजिम्मेवारपन, अनैतिकता, भ्रष्टाचार मौलाउँदै गएर जनतामा निराशा र वितृष्णा जागिरहेको त छैन ? नत्र दाह्रा–नंग्रा खुस्काइएका पूर्वराजाका पक्षमा जनलहर किन बढ्दै छ ? किन आजै राजनीति राजतन्त्र कि गणतन्त्र भनेर तातिरहेको छ ? यति छिटै त्यो शक्तिलाई टाउको उठाउने बल कसरी प्राप्त भइरहेको छ ? के छ यसका पछाडिको कारण ? यो खोजी गर्नु मनासिब हुन्छ । र, सबैभन्दा महत्त्वपूर्ण कुरा हाम्रा राजनीतिक दलहरू, हाम्रा राज्य संचालकहरू, हाम्रा नीति निर्माताहरूले देश र जनताका बारे गम्भीर भएर सोच्न, स्थिरता र विकासमा ध्यान केन्द्रित गर्न अतिजरूरी छ ।

# संस्कृतिमा विकृतिले बढाएको चिन्ता

*आफ्नो परम्परा र संस्कृतिको जगेर्ना हुने किसिमले होली पर्व मनाउन स्वयं युवापुस्ता नै सचेत र जागरुक हुनु आवश्यक छ किनभने संस्कृति संरक्षण र संवर्द्धनमा युवाको भूमिका र दायित्व अहं हुन्छ...*

धर्म-संस्कृति



● रत्न प्रजापति

ऋतुहरूमध्ये अत्यन्तै मनोहर ऋतु हो वसन्त । वासन्ती हावाले छोएर जाँदा वैंसालु मनमा काउकुती लाग्छ । यस्तै काउकुती लगाउने वसन्त ऋतुमा मनाइन्छ रंगीन पर्व होली ।

जीवन रंगीन छ भन्ने संकेत पनि होली पर्वले दिन्छ । होली पर्वले धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्त्व पनि बोकेको पाइन्छ । धार्मिक र आध्यात्मिक कथनबाट सुरु भएको यो पर्वले कालान्तरमा सांस्कृतिक पक्षलाई अँगाल्न पुग्यो र यो सांस्कृतिक पर्व बन्न पुग्यो । अहिले त होली पर्व एउटा मिथक नै बनेको छ, जुन नेपालीहरूको संस्कृतिको रूपमा कायम छ ।

सत्यको विजय हुन्छ भन्ने मान्यतालाई मूल आधार मान्दै होली पर्व मनाउने गरिएको छ । विशेषतः होलिका दहनसँग सम्बन्धित कथालाई होली पर्वसँग जोडेर व्याख्या तथा विश्लेषण गर्ने गरिएको छ । नेपाली संस्कृतिको अभिन्न अंगको रूपमा विकसित भएको यो पर्वमा बिस्तारै सामाजिक महत्त्वलाई पनि प्रश्रय दिइँदै आएको पाइन्छ । यो पर्वले धार्मिक तथा सांस्कृतिक सद्भाव बढाउँछ भन्ने मान्यता रहिआएको छ ।

धार्मिक र सांस्कृतिक पर्वका रूपमा मनाइने होलीलाई पछिल्लो समय सामाजिक उत्सवका रूपमा मनाउन थालिएको छ । सामाजिक उत्सवको रूपमा होली मनाउने क्रम सुरु भएसँगै यसमा विकृति पनि भित्रिएको छ । पर्वको परम्परा निर्वाह र मिथकलाई पछ्याउने भन्दा पनि युवापुस्ताको मनोरञ्जनका लागि होली मनाउने प्रवृत्ति विकसित भएको छ । यस्तो प्रवृत्तिको विकाससँगै होली पर्वमा विकृतिको आयतन पनि बढेको छ । यस्तै भइरहे भोलि होली पर्वले अर्कै रूप लिने सम्भावना पनि बढेको छ ।

विशेषगरी युवापुस्ताले होली पर्व मनाउने क्रममा विकृतिलाई प्रश्रय दिँदै आएका छन् । युवापुस्ता होलीको सांस्कृतिक पक्ष र सांगीतिक माधुर्यलाई छाडेर 'होली हंगामा' भन्दै उच्छृंखल गतिविधिमा संलग्न हुने गरेको छ । होलीमा गाइने 'जोगिरा सरररर...' अथवा 'होलिया मेला...' गाउनेहरूको अभाव छ बरु हिन्दी र अंग्रेजी गीतमा झुम्ने र पप र रक गीतमा रमाउनेहरूको बाहुल्य छ ।

यसले गर्दा होलीमा उच्छृंखलता सँगसँगै विकृति पनि बढ्दै गएको छ । यस्तो विकृतिको सिकार भने स्वयं युवा वर्ग नै हुँदै आएका छन् । झैझगडा, ईर्ष्या, द्वेष, वैमनस्य र बदलाको भाव यही विकृतिका परिणाम हुन् । यस्तो विकृत भावनाले युवा शक्तिलाई कमजोर पार्नुका साथै युवा शक्तिको दुरुपयोगसमेत भइरहेको छ ।

होली पर्व के हो ? यो पर्व किन मनाउन थालियो ? किन मनाइँदै छ ? होली पर्वसँग कस्तो धार्मिक मिथक अथवा किंवदन्ती जोडिएको छ भन्ने कुरामा युवापुस्ता अनभिज्ञ छ । युवापुस्ताले धेरै यस्ता चाड र पर्वलाई रमाइलो गर्ने अवसरका रूपमा मात्र लिन थालेको छ । त्यसैले, मौलिक नेपाली संस्कृति लोप हुने क्रम बढेको हो । यसप्रति अग्रज पुस्ता चिन्तित छ । पुर्खाले पर्वहरूलाई पनि संस्कृतिका रूपमा स्थापित गरेका छन् । तर, नयाँपुस्ताले त्यही संस्कृतिमा विकृति भित्र्याउँदै गर्दा अग्रज पुस्तालाई चिन्ता लाग्नु स्वाभाविक हो ।

होली पर्वसँग रङको विशेष सम्बन्ध रहिआएको छ । होलीका विविध रङ जस्तै जीवन पनि रंगीन छ भन्ने सन्देश होलीले दिन खोजेको देखिन्छ । नयाँ र पुराना पुस्ताले आ-आफ्नै ढंगले होली मनाउने गरेका छन् । जसरी मनाए पनि होलीको धार्मिक तथा सांस्कृतिक पक्षलाई चाहिँ भुल्नु हुँदैन ।

केही हदसम्म पुरानो पुस्ताले होलीको मिथकलाई संरक्षण गर्दै आफ्नो संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्ने प्रयास गर्दै आएको छ ।



*होली पर्व के हो ? यो पर्व किन मनाउन थालियो ? किन मनाइँदै छ ? होली पर्वसँग कस्तो धार्मिक मिथक अथवा किंवदन्ती जोडिएको छ भन्ने कुरामा युवापुस्ता अनभिज्ञ छ । युवापुस्ताले धेरै यस्ता चाड र पर्वलाई केवल रमाइलो गर्ने अवसरको रूपमा लिन थालेको छ । त्यसैले, मौलिक नेपाली संस्कृति लोप हुने क्रममा छन्...*

नयाँपुस्ताले भने होलीको मिथकलाई त बेवास्ता गरेको छ, संस्कृति संरक्षणको दायित्वलाई पनि बेवास्ता गरेको छ ।

वर्तमान समयमा युवापुस्ताका लागि जात्रा, मेला, पर्व आदि रमाइलोका बहाना मात्र बनेका छन् । त्यसमा मौलिक संस्कृति संरक्षणको दायित्व छ भन्ने यथार्थलाई अहिलेका युवाले बिर्सेका छन् । केवल रमाइलोका लागि होली खेल्ने युवाले होलीको मिथकलाई बुझेका छैनन् र बुझ्ने चेष्टा पनि कसैले गरेका छैनन् ।

खायो, पियो, नाच्यो, गायो र रमायो । यस्तैमा चाडपर्व मनाउनुको अभीष्ट सीमित भएको छ । हाम्रा हरेक चाडपर्वसँग कुनै न कुनै प्रकारको मिथक जोडिएको पाइन्छ । त्यस्तो मिथकलाई पाकाहरूले पनि नयाँपुस्तालाई बुझाउन सकेका छैनन् वा बुझाउन चाहेका छैनन् । कतिपय अवस्थामा नयाँपुस्ताले त्यस्तो मिथकलाई बुझ्न चाहेको पनि छैन र बुझ्ने आवश्यकता पनि ठानेको छैन । नयाँपुस्ताले होली जस्तै अन्य सबै प्रकारका सांस्कृतिक पर्वहरूका मिथकलाई बुझिदिए त्यस्ता चाड पर्वहरूको महत्त्व अझ बढ्ने थियो । यसले हाम्रो संस्कृतिलाई अझ सुदृढ बनाउने थियो र हाम्रो संस्कृति संसारभर फैलाउन मदत गर्ने थियो । विगतमा होलीको दिन टोल तथा समुदायका मान्छेहरू उन्मुक्त रूपमा भेला हुन्थे । एकआपसमा खुसी र हार्दिक प्रसन्नता व्यक्त गर्थे । वसन्त राग, ख्याली, टप्पा आदि गाएर रमाउँदै नाच्दै आपसमा रङ तथा अबीर छ्यापाछ्याप गरी रमाइलो वातावरणमा होली पर्व मनाउँथे । यसो गर्दा होली पर्वले समाजमा आपसी मित्रता, भाइचारा र मेलमिलापको सम्बन्ध कायम राख्न प्रेरणा दिन्छ भन्ने मान्यता पनि छ ।

यसरी सामाजिक सम्बन्धलाई समेत सुदृढ गर्न मदत गर्ने सभ्य र सु-संस्कृत पर्व मनाउने प्रक्रियामा देखिएको विकृतिले यो पर्वको महत्त्वलाई नै घटाएको महसुस हुँदै छ । होली पर्वलाई मनोरञ्जनको अवसरको रूपमा लिने परिपाटीले गर्दा यो पर्वमा सभ्यता र संस्कृतिले भन्दा पनि आडम्बर र विकृतिले स्थान लिन थालेको छ । विशेषगरी युवापुस्ताले यस्तो विकृतिलाई प्रश्रय दिएको छ । विकृतिको सिकार पनि स्वयं युवापुस्ता नै भएको छ । रमाइलोको नाउँमा होहल्लादेखि झैझगडासम्म हुँदा सामाजिक वातावरणमै खलल पुग्ने गरेको छ ।

अचेल होलीको प्रमुख लक्ष्य नै महिलाहरूलाई प्रताडित गरी अन्य पुरुषहरूले आनन्द लिनु रहेको देखिएको छ । त्यसैले, होली पर्वमा महिला दिदीबहिनीहरू भयभीत र आतंकित हुन्छन् । होली पर्वको वास्तविक रमाइलोको अनुभव पनि उनीहरूले गर्न पाउँदैनन् । होली पर्व पुरुषहरूकै मात्र पर्व जस्तो भएको छ । यसरी आफ्नो चाड र पर्वमा अपनत्व घट्दै गयो भने संस्कृति नै मासिने सम्भावना हुन्छ ।

अहिलेको विज्ञापनको जमानामा वस्तु उत्पादक तथा विक्रेताहरूले होलीलाई पनि विज्ञापनको अवसरका रूपमा उपयोग गर्न थालेका छन् । विभिन्न मिडियाको सहयोगमा 'होली हंगामा'का नाउँमा आफ्ना वस्तु तथा उत्पादनहरूको विज्ञापन गर्ने सुनौलो अवसरका रूपमा होली पर्वलाई उपयोग गर्दा उच्छृंखलताले प्रश्रय पाएको छ ।

'होली हंगामा' भनिएका मनोरञ्जनात्मक कार्यक्रमहरूमा मौलिक नेपाली संस्कृतिभन्दा पृथक् र केही हदसम्म उच्छृंखल मनोरञ्जनात्मक कार्यक्रम संचालन गरेर दर्शकलाई आकर्षित र उत्तेजित पार्ने प्रयास हुने गरेको छ ।

व्यावसायिक विज्ञापनको लोभमा गरिने यस्ता कार्यक्रमहरूले नेपाली संस्कृतिको सम्बर्द्धनभन्दा विस्थापनलाई नै सहयोग पुऱ्याइरहेका देखिन्छ । त्यसैले, अब चापपर्व मनाउँदा सामाजिक दायित्वबोध गर्नुपर्ने आवश्यकता पनि बढेको छ । वर्तमान युवापुस्तामा संस्कृति र परम्परा निर्वाहको जिम्मेवारीबोधले प्रेरित भएर भन्दा पनि केवल रमाइलोका लागि मनपरी ढंगले होली खेल्ने परिपाटीको विकास भएको छ । यसले गर्दा होली पर्वको धार्मिक तथा सांस्कृतिक महत्त्वमै पनि आँच आएको छ । यसप्रति अग्रज पुस्ता चिन्तित छ ।

होली पर्वमा बढेको विकृतिले गर्दा सद्भावको पर्व होलीमा वैरभाव बढाउने क्रियाकलापले प्रधानता पाउन थालेको अग्रजहरूको अनुभव छ । यस्तो परिपाटीले होली पर्वको धार्मिक तथा सांस्कृतिक पक्ष ओझेल पर्दै जाने, होलीको मिथक नै मेटिने र मनोरञ्जनको माध्यमको रूपमा सीमित रहने सम्भावना बढ्दै गएकाले बेलैमा सचेतता अपनाउनु आवश्यक देखिएको छ । आफ्नो परम्परा र संस्कृतिको जगेर्ना हुने किसिमले होली पर्व मनाउन स्वयं युवापुस्ता नै सचेत र जागरुक हुनु आवश्यक छ किनभने संस्कृति संरक्षण र संवर्द्धनमा युवाको भूमिका र दायित्व अहं हुन्छ ।

## इतिहासमा आज

१३ मार्च २०२० मा माइक्रोसफ्टका सहसंस्थापक बिल गेट्सले परोपकारी गतिविधिहरूमा ध्यान केन्द्रित गर्न कम्पनीको बोर्डबाट राजीनामा दिएका थिए ।



१३ मार्च १९४५ मा रानी विल्हेल्मिना नेदरल्यान्ड्स फर्किएकी थिइन् ।



१३ मार्च १९१८ मा लियोन ट्रोटस्कीले रेड आर्मीमाथि नियन्त्रण प्राप्त गरेका थिए ।



१३ मार्च १८६५ मा कन्फेडेरेटका राष्ट्रपति जेफरसन डेभिसले दासहरूलाई सैनिकका रूपमा प्रयोग गर्न अनुमति दिने विधेयकमा हस्ताक्षर गरेका थिए ।



# व्यवस्थाप्रति किन निराश छन् जनता ?

विचार



● सन्दीप पनेरू

*समृद्धि र स्थायित्वको आकांक्षा बोकेका नेपाली जनताले बारम्बार संघर्ष गरे पनि परिणाम भने अपेक्षित रूपमा प्राप्त गर्न सकेका छैनन् । परिवर्तनको यात्रामा जनताले धेरै कुराहरू सहनुपरेको छ तर तिनको जीवनमा ठोस सुधार आउन नसक्दा निराशा स्वाभाविक रूपमा बढेको हो...*

नेपालमा व्यवस्था परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरू, संघर्षहरू र बलिदानहरूले आमजनतामा ठूला आशा जागृत गरेका थिए । तर, ती आशाहरू समयक्रममा कुण्ठित हुँदै गएपछि आज जनतामा निराशा छाएको छ । यो निराशा राजनीतिक व्यवस्थाप्रति सीमित छैन, राज्य संचालन गर्ने समग्र प्रणालीप्रति नै अविश्वास बढेको देखिन्छ ।

नेपालले एकात्मक राजतन्त्रदेखि संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा तय गरिसकेको छ । राजनीतिक परिवर्तनहरूमा जनताको प्रत्यक्ष सहभागिता रहेको भए पनि तिनले खोजेको स्थायित्व, समृद्धि र सुशासन प्राप्त हुन सकेको छैन । निरन्तर राजनीतिक अस्थिरता, सरकार परिवर्तनको चक्र र नीति कार्यान्वयनमा भएको कमजोरीले जनतामा व्यवस्था परिवर्तनको प्रभावकारिताप्रति नै प्रश्न उठाएको छ । जब परिवर्तनले आमनागरिकको दैनन्दिन जीवनमा प्रत्यक्ष लाभ पुऱ्याउँदैन, तब उनीहरू निराश हुन थाल्छन् ।

राजनीतिक नेतृत्वप्रतिको वितृष्णा जनताको निराशाको प्रमुख कारणमध्ये एक हो । नेताहरूले चुनावका बेला गरेका वाचा पूरा नगर्नु, शक्ति र सम्पत्तिमा केन्द्रित हुनु तथा जनताको भलाइभन्दा आफ्नै स्वार्थलाई प्राथमिकता दिनुले निराशा थप गहिरिएको छ । भ्रष्टाचारको मौलाउँदो प्रवृत्तिले पनि व्यवस्थाप्रति जनताको विश्वास खस्काइरहेको छ । कानुनी शासनका आधारभूत सिद्धान्तहरू कार्यान्वयन हुन नसक्दा, शक्तिशालीहरू उन्मुक्ति पाउने र सर्वसाधारणले अन्याय सहनुपर्ने स्थितिले असन्तोष बढाएको छ ।

आर्थिक अस्थिरता र अवसरको सीमितताले पनि व्यवस्थाप्रति जनताको निराशालाई बढावा दिएको छ । युवा जनशक्तिले शिक्षा हासिल गरे पनि रोजगारीको सुनिश्चितता छैन । उद्यमशीलताको अवसर अभाव र राज्यले उत्पादनमूलक क्षेत्रमा उचित लगानी नगर्दा देशभित्र सम्भावना नदेखेका लाखौं युवाहरू विदेशिन बाध्य छन् ।

सरकारले वैदेशिक रोजगारीलाई नीति बनाएर प्रवर्द्धन गरिरहे पनि स्वदेशमै रोजगारी सिर्जना गर्ने प्रभावकारी योजना ल्याउन असफल भइरहेको छ, जसले गर्दा आमनागरिकमा भविष्यप्रति नै अनिश्चितता बढ्दै गएको छ ।

सार्वजनिक सेवा प्रवाहमा देखिएको लापरबाही र अक्षमताले पनि जनताको असन्तोष बढाएको छ । शिक्षा, स्वास्थ्य, यातायात र न्याय प्रणालीमा व्याप्त बेथितिले गर्दा नागरिकहरू राज्य संस्थाहरूप्रति नै अविश्वास गर्न थालेका छन् । सरकारी निकायहरूमा सेवा प्रवाह ढिलो हुनु, घुसखोरी हावी हुनु र पहुँचवाला व्यक्तिहरूलाई मात्र सेवा सहज रूपमा उपलब्ध हुनुले समान अवसरको भावना क्षीण भइरहेको छ ।

संविधानले परिकल्पना गरेको संघीयता जनस्तरमा अपेक्षित रूपमा प्रभावकारी हुन नसक्दा पनि व्यवस्थाप्रतिको निराशा थपिएको छ । प्रदेश सरकारहरूलाई अधिकार प्रत्यायोजन गर्ने प्रक्रियामा भएको ढिलाइ, वित्तीय स्रोतहरूको सीमितता तथा समन्वयको अभावले संघीय प्रणालीमाथि नै प्रश्न उठ्न थालेको छ । स्थानीय तहहरूमा केही सकारात्मक प्रयास भए पनि प्रभावकारी शासनको प्रत्याभूति हुन नसक्दा जनताले ठूलो परिवर्तनको अनुभूति गर्न सकेका छैनन् ।

सामाजिक असमानता, जातीय तथा क्षेत्रीय विभाजन र महिला तथा दलित समुदायको अधिकार स्थापित गर्न नसक्नुले पनि जनतामा असन्तोष जन्माएको छ । कानुनी रूपमा समानताको प्रत्याभूति गरिए पनि व्यवहारमा विभेद कायमै छ । राज्यका नीति निर्माण तहमा विविध समुदायको समान सहभागिता सुनिश्चित हुन नसक्दा, व्यवस्था जनताको हितमा नभएको महसुस भइरहेको छ ।

समृद्धि र स्थायित्वको आकांक्षा बोकेका नेपाली जनताले बारम्बार संघर्ष गरे पनि परिणाम भने अपेक्षित रूपमा प्राप्त गर्न सकेका छैनन् । परिवर्तनको यात्रामा जनताले धेरै कुराहरू सहनुपरेको छ तर तिनको जीवनमा ठोस सुधार आउन नसक्दा निराशा स्वाभाविक रूपमा बढेको हो ।


अबको मार्ग भनेको व्यवस्था सुधार, नीतिगत स्थायित्व, जबाफदेही नेतृत्व र प्रभावकारी शासनतर्फ उन्मुख हुनु हो । जनताका अपेक्षाहरू पूरा गर्न राज्य संयन्त्रहरू उत्तरदायी बन्न सके मात्र व्यवस्थाप्रतिको निराशा हट्दै जाने छ ।

## सामाजिक सञ्जाल



सूर्यराज आचार्य

खासगरी २०४७ सालपछि देशको अर्थतन्त्रको गुदी पक्ष के हो भन्नेमा ध्यान नदिई, युवा श्रम शक्तिलाई विदेश बेचेर आएको रेमिटचान्सको बलमा जेनतेन मुलुक चलाउने नीति अख्तियार गरियो । अब आएर खोक्रो भइसकेको अर्थतन्त्र स्पष्ट रूपमा देखिन थालेको छ ।



गोपीकृष्ण खनाल

सार्वजनिक विद्यालयका गणित र विज्ञानको नतिजा हरेक वर्ष कमजोर हुन थालेको छ । शिक्षा मन्त्रालयले समस्याको पहिचान गरी स्थानीय तहसँग सहकार्य गरी यसको निदान खोज्न सक्नुपर्छ । विज्ञान र गणितमा कमजोर नतिजा भनेको शुभसंकेत होइन । यसले मुलुकलाई धेरै क्षेत्रमा पछि पार्ने छ ।



कमल थापा

लोकतन्त्रको विकल्प राजतन्त्र होइन, हुन सक्दैन । जनताले लोकतन्त्रको विकल्प खोजेको होइन, राजासहितको लोकतन्त्र खोजेको हो । लोकतन्त्रको नाममा कायम छाडातन्त्र, सिन्डिकेटतन्त्र र लुटतन्त्रको विकल्प खोजेको हो । मर्यादित लोकतन्त्र खोजेको हो । त्यसैले, सच्चा लोकतन्त्रवादीले राजा आउँदा आत्तिनुपर्दैन ।



डम्बर खतिवडा

ओली-देउवा-प्रचण्डसँग मान्छे किन यति निराश, आक्रोशित र उत्तेजित छन् ? कारण प्रस्ट छ- प्रम पदको म्युजिकल चेयर खेल्दै यिनले एक पुस्ता र राष्ट्रको एक कालखण्ड जीवन बर्बाद पारे । यिनको नेतृत्व अवधि सही उपयोग हुन्थ्यो- धेरै त हैन, निम्नमध्यम आयको देश अवश्य बन्थ्यो, यति कंगाल हुन्थेन ।

# पत्रकार महिलाहरूको नेतृत्व विकासमा जोड

**बिराटनगर/मस**–संचार क्षेत्रमा महिलाहरुमा हुने विभेदको अन्त्य गर्न महिलाहरुको नेतृत्व विकास हुनु अत्यन्तै आवश्यक रहेको सरोकारवालाहरुले बताएका छन् ।

सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको सहकार्यमा नेपाल पत्रकार महासंघ मोरङले बुधबार विराटनगरमा आयोजना गरेको संचार क्षेत्रमा पत्रकार महिलाको अर्थपूर्ण सहभागिता सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सरोकारवालाहरुले संचार क्षेत्रमा महिला पत्रकारहरुको वृद्धिका लागि 'सञ्चार गृह महिला मैत्री' हुनुपर्ने सुझाव समेत दिएका छन् ।

११५औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी राज्यमन्त्री सृजना राईले महिला पुरुषबीच अहिले पनि विभेद कायम रहको बताइन् । उनले महिलाहरु नेतृत्व विकास गरेर अगाडि बढ्नुपर्नेमा जोड दिइन् ।

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव हेमराज तामाङले महिला पत्रकारहरुको क्षमता अभिवृद्धि मात्र नभइ आत्मरक्षासहितको क्षमता अभिवृद्धि तालिमका लागि मन्त्रालयले सहयोग गर्ने बताए । यस्ता कार्यक्रमका लागि सामाजिक विकास मन्त्रालय सहयोग गर्न सधैं तत्पर रहेको समेत बताए । सचिव तामाङले महिला पत्रकारहरुलाई न्यून पारिश्रमिकमा काम नगर्न आह्वान गर्दै मन्त्रालयले महिलाहरुका लागि फेलोसीप रकम वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा महासंघका मोरङ पूर्वअध्यक्ष बन्धु पोखरेलले पत्रकारितामा महिला पत्रकारको स्थायित्व सवाल र कान्तिपुर टेलिभिजनका उपसम्पादक महाप्रसाद खतिवडाले सञ्चार क्षेत्रमा महिलाहरुको अर्थपूर्ण सहभागिता र भावी रणीनीति विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्काले सञ्चार क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता गराउन के कति पेसाबाट विस्तापित भए भनेर खोजी गरिनुपर्ने बताए ।

केन्द्रीय सदस्य कमल रिमाल, कोशी अध्यक्ष भरत खड्का मुख्यमन्त्री कार्यालयका प्रेस सल्लाहकार विक्रम



लुइँटेल, नेपाल पत्रकार महासंघ कोशी प्रदेश सल्लाहकार विवेक गौतम लगायतका वक्ताहरुले महिला पत्रकार र स्थानीय सञ्चार गृहको प्रवर्द्धनका लागि सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने सुझाव दिएका थिए । नेपाल पत्रकार महासघं मोरङकी अध्यक्ष सुशीला पाठकले महिला पत्रकारको सेवा सुविधा र सुरक्षामा पहल गर्ने बताइन् ।

# Budhiganga Rural Municipality
# Office of the Rural Municipal Executive
**Hattimuda, Morang**

## Invitation for online Bids

**Date of publication: 2081/11/29 (13th March 2025)**

1. Budhiganga Rural Municipal Executive Office, Hattimuda, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of different projects under Sealed Quotation procedures.

| S. N. | Description of work | Contract Identification no | Estimated amount NRS (without VAT) | BID Security NRS/ Bid Validity | BID Document fee | Last date of Submission/ Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | Swasthya Chauki Gherabera Budhiganga-04 ra Wada Karyalaya maa Block Nirman Budhiganga-04 | BGRM/ MOR/SQ/W-02(081/082) | 14,60,745.98/- | 45,000/- & 45 days from deadline | 1000/- | 15th Chaitra 2081/28th march 2025( 12:00 hrs/ 13.00Hrs) | SQ |
| 2. | Dinavadri Mandir Nirman, Budhiganga-01 | BGRM/ MOR/SQ/W-03(081/082) | 13,52,375.12/- | 35,000/- &45 days from deadline | 1000/- | 15th Chaitra 2081/28th march 2025( 12:00 hrs/ 13.00Hrs) | SQ |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Budhiganga Rural Municipal Executive Office, Hattimuda, Morang, mobile no 9862078577 or may visit PPMO website www.bolpatra.gov.np./egp./
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Aantarik Rajaswa (Internal revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: NIC Asia Bank, Puspalal Chowk branch

   Name of Office: Budhiganga Rural Municipal Executive Office, Hattimuda, Morang

   Office Account no.: 0692059501175002 Aantarik Rajaswa (Internal revenue)

   69CA501175524006 Dharauti Khata
4. Electronic bids must be submitted to the office Budhiganga Rural Municipal Executive Office,Hattimuda, Morang through PPMO website www.bolpatra.gov.np/egp on or before abovementioned date of Submission. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on abovementioned date at the office of Budhiganga Rural Municipal Executive Office, Hattimuda, Morang. Bids must be valid for a period as mentioned above after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format RS amount mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reasons, whatsoever.

**Chief Administrative Officer**

## Madhesh Province Government
## Ministry of Physical Infrastructure Development
## Infrastructure Development Directoratete
# Infrastructure Development Office
**Jaleshwar, Mahottari**

## Invitation For Electronic Bids

**Date of second Rebid Publication: 2081-11-29, (2025-03-13)**

1. **Infrastructure Development Office, Mahottari** invites electronic bids from Nepalese eligible bidders for the construction of Completion of following works under National Competitive Bidding Procedure. Only eligible bidders should participate in this bidding.

| Contract No: | Name of project | Cost of bid Documents (Nrs.) | Estimated amount without VAT, NRs | Bid Security amount in NRs | Bid Security Validity Period |
|---|---|---|---|---|---|
| IDOMAHOTTARI/ NCB/ Works/18/081-82 | Construction of Ward Office Building of Balwa Na.pa. Ward no. 9, Mahottari | 3,000 | 29,93,897.13 | 90,000 | 120 days from deadline of bid submission |

2. Date of Purchasing,Submission and Opening of Bids

| Deadline of Bid Purchasing | Deadline of Bid Submission | Date of Bid Opening | Employer's Bank Account For Purchasing Bid Document |
|---|---|---|---|
| On or Before 2081-12-14, (2025-03-27). Till 12:00 hours | On or Before 2081-12-14, (2025-03-27). Till 12:00 hours | On 2081-12-14, (2025-03-27). Till 13:00 hours | Rastriya Banijya Bank Ltd. Office Code no: 3370118012 Account no: 1000100200010000 |

A Complete set of bidding document can be downloaded from PPMO's website www. bolpatra.gov.np./egp. For detail information eligible bidders may visit the IDO, Mahottari, Jaleshwar.

3. All the rights to accept or reject the bids are reserved to IDO,Mahottari, Jaleshwar without specifying any reasons if any.

**Office Chief**

**UAE मा रोजगार** Company : Sewak Technical Services LLC

पूर्व स्वीकृती मितिः २०८१/११/२८ चलानी नं. ६०२३४३९० LT No.: 320158

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Brick Mason | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,५००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Carpenter | 10 | | 1200 | ४५,५००।- | | | | | | | |
| ३. | Electrician. | 10 | | 1200 | ४५,५००।- | | | | | | | |
| ४. | Steel Fixer | 10 | | 1200 | ४५,५००।- | | | | | | | |
| ५. | Tile Layer | 10 | | 1200 | ४५,५००।- | | | | | | | |
| ६. | Tile Layer Assistant | 10 | | 1200 | ४५,५००।- | | | | | | | |

अन्तरवार्ता २०८१ चैत्र ७ गते (20 March, 2025) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/११/२९**

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिँदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तिय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तिय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिँदाका बखत यस वित्तिय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिँदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८० को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपशिलः**

| | |
|---|---|
| **१. ऋणीको नाम : अशोक कुमार तुलाधर**<br>बाबु : चक्र बहादुर तुलाधर<br>बाजे : जगत बहादुर तुलाधर<br>ना.प्र.नं.: १२२६<br>जारी मिति : २०४१/०२/३०, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उप.म.न.पा. वडा नं. १२ को परिवर्तित विराटनगर म.न.पा. वडा नं. ०९<br>**कर्जाको प्रकार : आवासिय घर कर्जा** | **ऋणीको नाम : अनीष राज तुलाधर**<br>बाबु : अशोक कुमार तुलाधर<br>बाजे : चक्र बहादुर तुलाधर<br>ना.प्र.नं.: ८९६४०<br>जारी मिति : २०६५/०९/१८, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उप.म.न.पा. वडा नं. १२ को परिवर्तित विराटनगर म.न.पा. वडा नं. ०९ हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३१ |
| **व्यक्तिगत जमानिकर्ता : अमित राज तुलाधर**<br>बाबु : अशोक कुमार तुलाधर<br>बाजे : चक्र बहादुर तुलाधर<br>ना.प्र.नं.: ३८६३३<br>जारी मिति : २०५५/०९/०९, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उप.म.न.पा. वडा नं. १२ को परिवर्तित विराटनगर म.न.पा. वडा नं. ०९ | **व्यक्तिगत जमानिकर्ता : बिजया लक्ष्मी तुलाधर**<br>पती : अशोक कुमार तुलाधर<br>ससुरा : चक्र बहादुर तुलाधर<br>ना.प्र.नं.: ९१<br>जारी मिति : २०४६/१२/०७, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उप.म.न.पा. वडा नं. १२ को परिवर्तित विराटनगर म.न.पा. वडा नं. ०९ |
| **व्यक्तिगत जमानिकर्ता : नविना श्रेष्ठ**<br>पती : अनीष राज तुलाधर<br>ससुरा : अशोक कुमार तुलाधर<br>ना.प्र.नं.: २४१०१८/१९२८३<br>जारी मिति : २०६६/०५/०८, जि.प्र.का.: सिन्धुपाल्चोक<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला तौथली गा.वि.स. वडा नं. ०१ को परिवर्तित त्रिपुरा सुन्दारी गा.पा. वडा नं. ०५ हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३१ | |
| **२) ऋणीको नाम** : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, वमणिज्य तथा आपूर्ति मन्त्रालय विभागमा मिती २०७७/०६/२५ गते, दर्ता नं. ३०३५४/०७७/७८ भई, स्थायी लेखा नं. ६१४०२८३२८ भई पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १६ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री पशुपति एण्ड गणपति हार्डवेयर सप्लायर्स**<br>**प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ताः जय प्रकास चौरसिया**<br>बाबु : रामअशिष प्रसाद चौरसिया<br>बाजे : अमरदेव राउत बरै<br>ना.प्र.नं. : ३४-०१-६९-०३४७३<br>जारी मिति : २०६९/०८/२५, जि.प्र.का. : पर्सा<br>ठेगाना : पर्सा जिल्ला विरगंज उप.म.न.पा. वडा नं. १६ को परिवर्तित विरगंज म.न.पा. वडा नं. १६ ।<br>**कर्जाको प्रकार : व्यवसाय डिमान्ड कर्जा** | **व्यक्तिगत जमानिकर्ता : दिक्षा चौरसिया**<br>बाबु : रामेश्वर राउत<br>पति : जय प्रकास चौरसिया<br>ना.प्र.नं.: १८-०१-७१-०४१८०<br>जारी मिति : २०७१/०७/१४, जि.प्र.का.: महोत्तरी<br>ठेगाना : महोत्तरी जिल्ला इटहर्वाकट्टी गा.वि.स. वडा नं. ०२ हाल पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १६ । |
| **३) ऋणीको नाम : सुष्मा कुमारी थापा क्षेत्री**<br>बाबु : मधु बहादुर थापा क्षेत्री<br>पति : कुमार क्षेत्री<br>ना.प्र.नं. : ५२६४, जारी मिति : २०५५/०७/२४, जि.प्र.का.: काठमाण्डौं<br>ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ०७। हाल : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२।<br>**कर्जाको प्रकार : आवास कर्जा** | |
| **व्यक्तिगत जमानिकर्ता : कुमार क्षेत्री**<br>बाबु : प्रेम बहादुर पण्डित क्षेत्री<br>बाजे : निर बहादुर पण्डित क्षेत्री<br>ना.प्र.नं. : २४११६<br>जारी मिति : २०४६/०५/१९, जि.प्र.का. : नुवाकोट<br>ठेगाना : नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ०९ ।<br>हाल : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२ । | **व्यक्तिगत जमानिकर्ता : पलक क्षेत्री**<br>बाबु : कुमार क्षेत्री<br>बाजे : प्रेम बहादुर पण्डित क्षेत्री<br>ना.प्र.नं. : ३५-०१-७७-०७३०९<br>जारी मिति : २०७७/१०/१८, जि.प्र.का. : चितवन<br>ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२ । |
